"समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लू नगरपालिकाको पहिचान; ऐतिहासिक पुरातात्विक एवं साँस्कृतिक संरक्षण र विकास हाम्रो पहिचान"

आर्थिक वर्ष २०८३/८४ को

नीति तथा कार्यक्रम

दुल्लू नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

दुल्लू, दैलेख

२०८३ असार ०६ गते

`दुल्लू नगरपालिकाको नगर सभाको १९ औं अधिवेशनमा नगर प्रमुख श्री भरतप्रसाद रिजालज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को

नीति तथा कार्यक्रम

दुल्लू नगरपालिकाको नगर सभाको यस गरिमामय १९ औं अधिवेशनमा उपस्थित नगर उपप्रमुख एवं नगर सभाका सदस्यज्यूहरु,
राष्ट्रसेवक कर्मचारीज्यूहरु तथा नगरबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरू, पत्रकार मित्रहरू तथा उपस्थित महानुभावहरू।

दुल्लू नगरपालिकाको नगर सभाको यस गरिमामय अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवनको आहुति दिनुहुने सम्पूर्ण ज्ञात-अज्ञात अमर शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउनुहुने आदरणीय अग्रजहरूमा उच्च सम्मान व्यक्त गर्दछु।

स्थानीय सरकारको जनप्रतिनिधिको रूपमा यो हाम्रो कार्यकालको पाँचौं वर्ष हो। यसर्थ, यो नीति तथा कार्यक्रम केवल वार्षिक प्रक्रिया मात्र नभई, हामीले विगतका वर्षहरूमा हाँसिल गरेका उपलब्धिहरूलाई जनसमक्ष उजागर गर्ने र हाम्रा बाँकी रणनीतिक यात्रालाई मूर्तरूप दिने एउटा महत्वपूर्ण कडी हो। यस नीति तथा कार्यक्रमले आगामी वर्षहरुमा नगरपालिकाले वलम्वन गर्ने विकासको मोडेललाई समेत मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।

दुल्लू नगरपालिकाले विगतदेखि नै सुशासन, सामाजिक न्याय र समावेशी विकासलाई आफ्नो मूल मन्त्र बनाउँदै आएको छ। हामीले अघि सारेका विकासका अभियानहरूलाई निष्कर्षमा पुऱ्याउने र समृद्धिको बलियो आधारशिला खडा गर्ने यो अवसरलाई हामी पूर्ण सदुपयोग गर्नेछौं। आजको विश्वव्यापीकरणको युगमा हाम्रो युवा पुस्ताले प्रविधिमा आधारित सेवा, मर्यादित रोजगारी र स्वच्छ वातावरणको अपेक्षा गरिरहेको छ र उनीहरूको सिर्जनशीलतालाई नगरपालिकाको नीति निर्माण र विकास प्रक्रियामा मूल प्रवाहीकरण गर्दै **'युवा प्रतिभा, नगरको गौरव'** भन्ने भावनालाई हामीले उच्च प्राथमिकतामा राखेका छौं।

'समृद्ध र आत्मनिर्भर दुल्लूको परिकल्पना सहित दुल्लुको नगरपालिकाको पहिचान; ऐतिहासिक पुरातात्विक एवं साँस्कृतिक संरक्षण र विकास हाम्रो पहिचान" भन्ने मूल नारालाई चरितार्थ गर्दै; दिगो विकास लक्ष्य, नेपाल सरकारको १६औं आवधिक योजना, कर्णाली प्रदेश सरकारको आवधिक योजना र **डिजिटल तथा समृद्ध प्रदेश** निर्माणको नीति तथा दुल्लू नगरपालिकाको दोश्रो आवधिक योजनासँग तादात्म्यता मिलाएर नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र स्थानीय तहको योजना

तर्जुमा दिग्दर्शन, २०७८ ले प्रदान गरेका मार्गदर्शनको अवलम्वन गर्दै यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। हाम्रो आवधिक योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रस्तुत यो मार्गचित्रले नगरपालिकाको आगामी भावी दिशा तय गर्नेछ। यही जगमा टेकेर नगरपालिकाको आगामी वार्षिक बजेट तयार हुने कुरा यहाँहरू सबैमा अवगत नै छ।

हाम्रो यो कार्यकालको पाँचौं वर्षमा आइपुग्दा हामीले सँगै मिलेर तय गरेका गौरवका योजनाहरूलाई सफल बनाउन यहाँहरू सबैको निरन्तर साथ, सहयोग र सुझबुझपूर्ण सहकार्यको अपेक्षा गर्दछु।

अब म विषयक्षेत्रगत रूपमा नगरपालिकाले तय गरेका नीति तथा कार्यक्रमहरू विस्तृत रूपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

(क) आर्थिक विकास

कृषि विकास तथा खाद्य सुरक्षा

१. **उत्पादन र पूर्वाधार विकासः** कृषि पकेट क्षेत्रहरूमा सिँचाइ, कृषि सडक र विद्युतीकरणको पहुँच विस्तार गरिनेछ। **"बाँझो जमिनको उपयोग, उत्पादनमा सहयोग"** अभियान मार्फत बाँझो जग्गामा फलफूल (सुन्तला, किवी, अनार आदि) खेती प्रवर्द्धन गरिनेछ। साना कृषि औजार/यन्त्र वितरण गरी श्रमको बोझ घटाइनेछ। कृषि उपज सङ्कलन र बजार पहुँच बढाउन भौतिक पूर्वाधारको सुदृढीकरण गरिनेछ। साथै, खागितडाको पर्यावरणीय कृषि नमुना गाउँको प्रवर्द्धन र पुरानो सुन्तला बगैंचा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. **विशिष्ट उत्पादन र बजारीकरणः** **"एक वडा, एक कृषि उत्पादन"** को अवधारणा कार्यान्वयन गरिनेछ। उच्च मूल्यका बालीहरू (कफी, एभोकाडो, अलैंची, च्याउ, मौरी) र रैथाने बाली (कोदो, सिमी आदि) को व्यावसायिक उत्पादनमा जोड दिइनेछ। बीउ उत्पादन क्षेत्रको संरक्षण र सामुदायिक बीउ बैङ्क स्थापना गरिनेछ। प्याज, सिमी, बोडी र गोलभेडाको बीउ उत्पादनदेखि बजारीकरणसम्मको मूल्य शृङ्खला (Value Chain) विकास गर्न सहकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

३. **"खेतदेखि बजारसम्म"** को नारासहित कृषि हाटबजार, सङ्कलन केन्द्र, कोल्ड चेम्बर र रष्टिक स्टोरको प्रभावकारी सञ्चालन गरिनेछ। विद्यालय दिवा खाजामा स्थानीय उत्पादनको प्रयोगलाई प्रोत्साहन गरिनेछ।

४. **दिगो, जैविक र जलवायुमैत्री कृषिः** **"स्वस्थ माटो, स्वस्थ बाली"** अभियानमार्फत माटो परीक्षण, भर्मी कम्पोस्ट र जैविक मल उत्पादनलाई प्राथमिकता दिइनेछ। जलवायु परिवर्तन अनुकूलनका लागि **जलवायुमैत्री कृषि प्रविधि**, नमुना कृषि गाउँ, र सहभागितामूलक बाली प्रजनन कार्यक्रम सञ्चालन गरिनेछ। तरकारी र फलफूलमा विषादी अवशेष परीक्षण गरी उपभोक्ताको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ। जङ्गली जनावरबाट हुने क्षति न्यूनीकरण गर्दै सुरक्षित कृषि प्रवर्द्धन गर्ने नीति लिइनेछ।

५. **प्राविधिक क्षमता र नवप्रवर्तनः** कृषक पाठशाला र नमुना फार्ममार्फत अनुसन्धानमा आधारित प्रयोगात्मक कृषि ज्ञान प्रदान गरिनेछ। कृषिमा आधुनिक यान्त्रीकरण, डिजिटल प्रणाली र स्मार्ट कृषि अभ्यासको विस्तार गरिनेछ। तथ्यमा आधारित योजनाका लागि डिजिटल कृषि सूचना प्रणाली स्थापना गरिनेछ। प्रत्येक वडामा कृषि प्राविधिक परिचालन गरी कृषकलाई सहज प्राविधिक परामर्श सेवा उपलब्ध गराइनेछ।

६. कृषि क्षेत्रको सुशासनका लागि कृषि ऐन र कार्यविधिहरू समयानुकूल परिमार्जन गरिनेछ। एग्रोभेट, नर्सरी, सहकारी र कृषि उपज बिक्रेताहरूको सूचीकरण, अभिलेखीकरण र नियमन गरिनेछ। कृषि क्षेत्रमा सुरक्षित र मर्यादित श्रम अभ्यासलाई प्रवर्द्धन गर्दै विकास साझेदारहरूसँगको समन्वयमा कृषि मेला र प्रदर्शनीहरू आयोजना गरिनेछ।रासायनिक मल अनुदानको प्रकृयामा सहकारी मार्फत सहजिकरण गरिनेछ ।

पशुपन्छी विकास

७. **उत्पादन र आत्मनिर्भरताः** पशुपन्छी पालनलाई आर्थिक विकासको आधार मान्दै बाख्रा पालन, व्यावसायिक कुखुरा र बङ्गुर पालनलाई विशेष प्राथमिकता दिइनेछ। एक वडा एक उत्पादन तथा नमुना फार्म स्थापना गरी दुध र मासु उत्पादनमा आत्मनिर्भरता हासिल गरिनेछ। दूध सङ्कलन, प्रशोधन र बजारीकरणका लागि डेरी उद्योग स्थापना एवं निजी क्षेत्रसँगको सहकार्यमा बिमा कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

८. **पशु स्वास्थ्य र महामारी नियन्त्रणः** घरदैलोमा पशु उपचार, खोप सेवा (खोरेँत, पिपिआर, लम्पी स्किन, रेबिज आदि), बन्ध्याकरण र कृत्रिम गर्भाधान सेवा विस्तार गरिनेछ। बाँझोपन निवारण र नश्ल सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। प्रयोगशाला परीक्षण र रोग निदान सेवा सुदृढ गरी नेपाल सरकारको मासु जाँच ऐनको पूर्ण कार्यान्वयन मार्फत उपभोक्ताको स्वास्थ्य सुनिश्चित गरिनेछ।

९. **जनस्वास्थ्य र जुनोटिक रोगः** रेबिज, क्षयरोग लगायतका जुनोटिक रोग नियन्त्रणका लागि जनचेतना र सामुदायिक कुकुर व्यवस्थापन गरिनेछ। प्रतिजैविक प्रतिरोध (AMR) न्यूनीकरणका लागि औषधि प्रयोगसम्बन्धी सचेतना फैलाइनेछ। दुर्गम क्षेत्रका कृषकलाई प्राविधिक सेवाको पहुँचमा ल्याउन निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१०. **व्यावसायिकता र आयआर्जनः** परम्परागत पशु पालन प्रणालीलाई आधुनिक र व्यावसायिक बनाउन खोर/गोठ सुधारमा सहयोग गरिनेछ। उत्पादनमा आधारित प्रोत्साहन (Production based Incentive) प्रणाली लागु गरी व्यावसायिक कृषकलाई पुरस्कृत गरिनेछ। स्थानीय प्राविधिक जनशक्तिको सीपलाई स्वरोजगार र उद्यमशीलतासँग जोड्दै पशुपालन व्यवसायलाई दिगो बनाइनेछ।

रोजगार, उद्योग तथा उद्यमशीलता विकास

११. **रोजगार र सीप विकासः** रोजगार सेवा केन्द्रलाई **रोजगार, सीप तथा उद्यमशीलता केन्द्र**का रूपमा रूपान्तरण गरी एकीकृत सेवा प्रवाह गरिनेछ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र अनुभवलाई स्थानीय उद्यमशीलतामा जोड्न विशेष परामर्श र सहजीकरण गरिनेछ। बजारको मागमा आधारित सीप विकास तालिम सञ्चालन गरिनेछ र डिजिटल प्रणाली (EMIS/FEMIS) मार्फत रोजगारीको एकीकृत तथ्याङ्क व्यवस्थापन गरिनेछ।

१२. सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत सरक्षित वैदेशिक रोजगारी र मनोसामाजिक परामर्श सेवा सम्बन्धी कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१३. **लघु उद्यम र औद्योगिक प्रवर्द्धनः** " गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)" मार्फत नयाँ उद्यमी सीर्जना र पुराना उद्यमीको स्तरोन्नती कार्यलाई निरन्तरता दिनुका साथै औधोगिक ग्रामको लागि सम्भाव्यता अध्ययन र उत्पादित वस्तुको बजारीकरणका लागि **'कोसेली घर'** को अवधारणा कार्यान्वयन गरिनेछ। दर्ता नभएका व्यवसायलाई कानुनी दायरामा ल्याउन घुम्ती शिविर सञ्चालन र नियमित बजार अनुगमन गरिनेछ। स्थानीय आर्थिक विकासलाई संस्थागत गर्दै स्थानीय रोजगारी तथा आयआर्जन वृद्धि गर्ने उद्देश्यले स्थानीय आर्थिक विकास प्रवर्द्धनसम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१४. **समावेशी आयआर्जनः** महिला, युवा, दलित, अपाङ्गता भएका व्यक्ति र अति विपन्न घरधुरीलाई उद्यमशीलताको मूलधारमा ल्याउन विशेष लक्षित तालिम र आयआर्जनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। उनीहरूको व्यावसायिक क्षमता अभिवृद्धि गरी आत्मनिर्भर बनाउन विशेष अनुदान र सहुलियतको व्यवस्था गरिनेछ।

१५. उद्यमशीलताई प्रवर्द्धन गरी रोजगारी तथा स्वरोजगारी सिर्जना गर्नको लागि **प्रविधि हस्तान्तरण** कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

सहकारी, निजी क्षेत्र र वित्तीय पहुँच

१६. **निजी क्षेत्र साझेदारी र व्यवसाय सहजीकरणः** स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन निजी क्षेत्रसँग लगानी सम्मेलन र व्यावसायिक अन्तरक्रिया गरिनेछ। व्यवसाय दर्ता र नवीकरणलाई 'एकद्वार प्रणाली' (Single Window System) बाट छिटो र पारदर्शी बनाइनेछ।

१७. **सहकारी सुशासन र वित्तीय पहुँचः** सहकारीलाई कोपोमिस (COPOMIS) प्रणालीमा आबद्ध गरी वित्तीय सुशासन कायम गरिनेछ। साना सहकारीलाई एकीकरण र निष्क्रिय सहकारीलाई सक्रिय बनाइनेछ। वित्तीय साक्षरता कार्यक्रम मार्फत महिला र विपन्न वर्गको बैंकिङ पहुँच बढाइनेछ। विप्रेषण (Remitance) लाई अनुत्पादक क्षेत्रबाट उत्पादनशील क्षेत्र मा (कृषि/उद्योग साना) लगानी गर्न प्रोत्साहित गरिनेछ। महिला सहकारीको क्षमता विकासमा जोड दिइनेछ।

पर्यटन, संस्कृति तथा पुरातात्विक संरक्षण

१८. **"दुल्लुको पहिचानः ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक संरक्षण"** भन्ने मूल नारालाई आत्मसात् गर्दै दुल्लूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकीय गन्तव्यका रूपमा विकास गरिनेछ।

१९. **दौडिन्छ पञ्चकोशी, घूमो पञ्चकोशी, ज्वाला देखौं भाग्य लेखौं** लाई मनन गर्दै संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा ऐतिहासिक कीर्तिखम्ब, नाभिस्थान, शिरस्थान ज्वाला क्षेत्र र पञ्चकोशी तीर्थस्थललाई **'धार्मिक तथा ऐतिहासिक पर्यटन सर्किट'** का रूपमा एकीकृत विकास गरिनेछ।

२०. नगरपालिकाभित्रका देवलहरू, सिद्धस्थलीस्थित शिव मन्दिर परिसर र विजया साहित्यिक पार्कको संरक्षण, संवर्द्धन र सौन्दर्यीकरण गरी पर्यटकीय आकर्षणका केन्द्रहरू बनाउन पहल गरिनेछ।

२१. पर्यटन प्रवर्द्धनका लागि स्थानीय समुदायलाई होमस्टे सञ्चालन गर्न प्रोत्साहित गरिनेछ र पर्यटकलाई लक्षित गरी स्थानीय मौलिक उत्पादन तथा हस्तकलाको बजारीकरण गरिनेछ।

२२. सांस्कृतिक सम्पदा र पुरातात्विक वस्तुहरूको अभिलेखीकरण, संरक्षण र जिर्णोद्धार गरिनेछ। पर्यटन सूचना केन्द्रलाई स्तरोन्नति गरी समग्र पर्यटन सूचना प्रवाह र सिकाइ केन्द्रका रूपमा विकास गरिनेछ।

(ख) सामाजिक विकास

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

२३. लैङ्गिक हिंसा न्यूनीकरणका लागि मनोपरामर्श सेवालाई प्रभावकारी बनाइनेछ। बालविवाह विरुद्धको पञ्चवर्षीय रणनीतिक योजनालाइ प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

२४. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, ज्येष्ठ नागरिक र दलित तथा सिमान्तकृत समुदायको अधिकार संरक्षणका लागि तथा संघ र प्रदेशका नीतिहरूको स्थानीयकरण गर्नका लागि आवश्यक व्यवस्था गरिनेछ। दलित समुदायको विस्तृत प्रोफाइल तयार गर्नका लागि पहल गरिनेछ ।

२५. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि आवश्यक सूचकहरु पूरा गर्नका पहल गरिनेछ र वडा नं ४ लाइ यसै आर्थिक वर्षमा बालमैत्री वडा घोषणा गरिनेछ। जोखिममा परेका बालबालिकाको उद्धारका लागि बाल उद्धार कोषको परिचालन गरिनेछ ।

२६. वडा तहमा अपाङ्गता सञ्जालहरु गठन तथा परिचालन मार्फत अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकताको सम्बोधन गरिनेछ ।

२७. जेन जी - ज्येष्ठ नागरिक अन्तरपुस्ता अनुभव आदानप्रदान- मार्फत पुराना पुस्ताको सकारात्मक संस्कारको प्रवर्द्धने गरिनेछ ।

२८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९ र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८१ को प्रभावकारी कार्यान्वयनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण बमोजिमको कार्यायोजना र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण विस्तृत कार्यान्वयन कार्ययोजना एवम् लैंगिक बजेटको कार्यान्वयन गरिनेछ ।

२९. नगरपालिकामा साझेदारी गरिरहेका विकास साझेदार तथा गैह्र सरकारी संस्थाहरुसंग एकिकृत कार्यक्रमहरुको कार्ययोजना मार्फत लैससास मूलप्रवाहिकरणमा जोड गरिनेछ ।

आधारभूत स्वास्थ्य तथा सरसफाइ

३०. **स्वस्थ दुल्लू, समृद्ध दुल्लू** अभियानअन्तर्गत गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गरिनेछ। वडागत स्वास्थ्य प्रोफाइल तयार गरी तथ्यमा आधारित योजना तर्जुमा गरिनेछ।

३१. दुल्लू अस्पतालमा विशेषज्ञ सेवा, रगत सञ्चार (ब्लड बैङ्क), टेलिमेडिसिन र फिजियोथेरापी सेवा विस्तार गरिनेछ। आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरण, औषधि आपूर्ति र ल्याब सेवा अनिवार्य गरिनेछ।

३२. मातृशिशु मृत्युदर शून्यमा झार्न सुरक्षित मातृत्व-, पूर्ण खोप, सुत्केरी आमा तथा नवजात शिशुको घरभेट र निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

३३. नसर्ने रोगहरुको पहिचान तथा रोकथामको लागि वडामा स्वास्थ्य शिविर तथा विद्यालयहरुमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. स्वास्थ्य बिमामा नागरिकको पहुँच बढाउन विशेष अभियान र विपन्न बिरामी (क्यान्सर, मिर्गौला, मेरुदण्ड पक्षाघात) लाई उपचार खर्च उपलब्ध गराइनेछ।

३५. क्षयरोग र अन्य सरुवा रोग (डेंगु, एचआईभी, कुष्ठरोग) मुक्त नगरपालिका बनाउने अभियानलाई तीव्रता दिइनेछ। खाद्य स्वच्छता र सरसफाइमा जनचेतनासहित बजार अनुगमनलाई कडाइ गरिनेछ।

३६. महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास र प्रोत्साहन गरिनेछ। आयुर्वेद तथा वैकल्पिक चिकित्सा पद्धतिको विकास गर्दै योग, ध्यान र जडीबुटी खेतीलाई प्रवर्द्धन गरिनेछ।

३७. दुल्लू अस्पतालको पूर्वाधार विकासमा जोड दिनुका साथै अस्पतालबाट प्रवाह हुने सेवाहरुलाई थप विस्तार गरिदै लगिनेछ ।

३८. दुल्लू नगरपालिकाको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सु-स्वास्थ्य नीति, २०७९ लाई समय सापेक्ष परिमार्जन गरि सोहि बमोजिम मानसिक स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु तर्जुमा गरि लागु गरिनेछ ।

सामाजिक सुरक्षा तथा पञ्जीकरण

३९. **"आँगनमै सरकारी सेवा"** अभियान अन्तर्गत अति अशक्त र ज्येष्ठ नागरिकको घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ। लाभग्राहीको विवरण अद्यावधिक र बायोमेट्रिक नवीकरणलाई अनिवार्य गरिनेछ। घटना दर्ता (जन्म, मृत्यु, विवाह) लाई प्रोत्साहन गर्न **नवजात शिशु स्वागत उपहार** जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। सामाजिक सुरक्षा भत्ताको वितरण प्रक्रियालाई पारदर्शी बनाउन नियमित अनुगमन गरिनेछ।

खानेपानी तथा स्वच्छता

४०. **एक घर", एक धारा"** को नीति कार्यान्वयन गर्दै खानेपानी आयोजनाहरूको मर्मत र नयाँ निर्माणलाई प्राथमिकता दिइनेछ। खानेपानीको गुणस्तर परीक्षण र मुहान संरक्षणका लागि विशेष प्रबन्ध गरिनेछ।

४१. खानेपानी तथा सरसफाइ क्षेत्रको योजना (N-WASH Plan) लाई निरन्तर अद्यावधिक गरी कार्यान्वयन गरिनेछ। खानेपानी व्यवस्थापन बोर्डलाई संस्थागत रूपमा सुदृढ गर्दै N-WASH सूचना व्यवस्थापन प्रणालीमार्फत तथ्याङ्क अद्यावधिक गर्ने र सेवा प्रवाहमा सुशासन सुनिश्चित गरिनेछ।

शिक्षा, युवा र खेलकुद

शैक्षिक सुशासन र गुणस्तर

४२. **"नगर शिक्षा योजना"** तर्जुमा गरी कार्यान्वयन गरिनेछ। माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थित गर्न स्थानीय कानुन तर्जुमा, विद्यालय नक्साङ्कनका आधारमा तह मिलान तथा समायोजन र जग्गाको स्वामित्व संरक्षण गरिनेछ।

४३. शैक्षिक गुणस्तर बढाउन प्रधानाध्यापकसँग कार्यसम्पादन करार, शिक्षकहरूको क्षमता विकास, र एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) को प्रयोगलाई अनिवार्य गरिनेछ। विद्यालयको नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षणका लागि बहुपक्षीय संयन्त्र परिचालन गरिनेछ।

४४. उत्कृष्ट प्रधानाध्यापक तथा विषयगत शिक्षकलाई पुरस्कृत गर्ने, विद्यालयको लेखा व्यवस्थापन सुदृढ गर्ने र विद्यालय व्यवस्थापन समितिको नेतृत्वदायी क्षमता अभिवृद्धि गरिनेछ।

४५. विद्यालयमा **"गर - सिक - रमाऊ - कमाऊ"** अभियान, उद्यमशील/प्राविधिक शिक्षा र स्थानीय पाठ्यक्रम (हाम्रो परम्परा, हाम्रो संस्कृति) लाई कार्यान्वयन गरिनेछ। विद्यार्थीको नतिजालाई एक बिरुवा हुर्काउने कार्यसँग जोड्दै वातावरणीय चेतना अभिवृद्धि गरिनेछ।

४६. समावेशी तथा बालमैत्री विद्यालय वातावरण सिर्जना गरिनेछ। प्रसूति बिदामा रहने महिला शिक्षकको साटो शैक्षिक क्षति नहुने गरी व्यवस्था मिलाइनेछ भने बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीको सेवा सुविधा/पारिश्रमिकमा नगरपालिकाले थप बजेटको व्यवस्था गर्नेछ।

विद्यार्थी कल्याण, मनोसामाजिक परामर्श र स्वास्थ्य

४७. **"विद्यालय झिकाऊ, टिकाऊ, सिकाऊ र बिकाऊ"** अभियानमार्फत माध्यमिक शिक्षा सुनिश्चित गरिनेछ। विद्यार्थीहरूको नियमित स्वास्थ्य परीक्षण, मानसिक स्वास्थ्य प्रवर्द्धन र आत्महत्या न्यूनीकरणका लागि सचेतना एवं मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

४८. पञ्चकोशी वेद विद्याश्रमलाई नेपाल संस्कृत विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा स्थापित गर्न आवश्यक पहल गरिनेछ।

युवा सशक्तीकरण र उद्यमशीलता

४९. राष्ट्रिय युवा नीति, २०७२ को भावनाअनुरूप युवा प्रोफाइल तयार गरी प्रत्येक वडामा युवा क्लब गठन गरिनेछ। युवाहरूमा सकारात्मक सोच र उद्यमशीलता विकासका लागि स्वरोजगारमूलक कार्यक्रम र क्षमता विकास तालिम सञ्चालन गरिनेछ।

खेलकुद विकास

५०. **"राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद"** भन्ने नारासहित 'खेलकुद ग्राम' स्थापना, वडा नं. ७ को कभर्ड हलको अधिकतम उपयोग र क्रिकेट लगायतका खेलकुदको पूर्वाधार विकास गरिनेछ।

५१. राष्ट्रपति रनिङ्ग शिल्ड, नगर प्रमुख कप, नगर उपप्रमुख कप र अन्य प्रदेश/पालिका स्तरीय प्रतियोगिताहरू आयोजना गरिनेछ। खेलकुद विकास समितिको कार्यालय स्थापना, प्रशिक्षक/रेफ्रि तालिम, र अन्य पालिकाहरूसँगको समन्वयमा 'बास्केट फण्ड' निर्माण गरी खेलकुदको व्यावसायिक विकास गरिनेछ।

(ग) पूर्वाधार विकास

भवन, बस्ती र सहरी विकास

५२. **"विश्वासिलो स्थानीय पूर्वाधार; दिगो विकासको मजबुत आधार"** भन्ने लक्ष्यसहित दुल्लूलाई जिल्लाकै नमुना नगरपालिका बनाउन विस्तृत अध्ययन गरी व्यवस्थित बस्ती विकास गरिनेछ।

५३. भवन निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाउन दक्ष जनशक्ति (सिकर्मी/डकर्मी) उत्पादन तथा परिचालन गरिनेछ। डिजाइनर, निर्माण व्यवसायी र कामदारहरूलाई नगरपालिकामा अनिवार्य सूचीकृत गरिनेछ।

५४. निर्माण कार्यको गुणस्तर जाँच गर्न नगरपालिकाको हाताभित्रै 'सिभिल ल्याब (CIVIL LAB)' स्थापना गरी नियमित परीक्षण गरिनेछ।

५५. पूर्वाधार निर्माणमा अपाङ्गमैत्री, बालमैत्री, र ज्येष्ठ नागरिकमैत्री संरचनालाई अनिवार्य गरिनेछ।

५६. हालसम्म नक्सा पास नभएका सार्वजनिक तथा नीजी भवनहरूको नक्सा पास गर्ने तथा भविष्यमा नक्शा पास पछि मात्र निर्माण कार्य अगाडि बढाइनेछ।

५७. नगरपालिकाको 'जोखिम संवेदनशील भू-उपयोग योजना (RISK SENSITIVE LAND USE PLAN)' का आधारमा मात्र नयाँ आयोजनाहरू छनोट गरिनेछन्।

सडक, पुल तथा यातायात व्यवस्थापन

५८. नगरपालिकाको केन्द्र र सबै वडालाई बाह्रै महिना सवारी साधन चल्ने सडकले जोड्न सडक स्तरोन्नति तथा विस्तार गरिनेछ। नगर सडक गुरुयोजनालाई GIS प्रविधिबाट अद्यावधिक गरिनेछ।

५९. वडा नं. १ र ५ (बिउडाँडा-डोक्रा), वडा नं. १ र ६ (अत्तरवुआ-अरिङ्गाले) लगायतका स्थानमा लागत साझेदारीमा झोलुङ्गे पुल निर्माण गरिनेछ। साथै, नाभिस्थान, रेवती खोला र नेपा गाड खोलामा पक्की पुल निर्माणका लागि विशेष पहल गरिनेछ।

६०. सडक निर्माण गर्दा सडक पेटीमा 'रेस्टिङ स्टेसन', बायो-इन्जिनियरिङ र सुरक्षात्मक पर्खाल निर्माणलाई प्राथमिकता दिइनेछ। साथै पुर्वाधारको लागि हुने खरीद प्रक्रियामा उपभोक्ता समिति मार्फत काम गर्दा महिला कामदारलाई अनिवार्य संलग्नता गर्ने र निर्माण व्यवसायि मार्फत भएको काममा समते स्थानियलाई प्राथमिकता दिनका लागि पहल गरिने छ ।

६१. **"व्यवस्थित र चौडा सडक दुल्लूको रहर"** अभियानमार्फत सडकले चर्चेको जग्गाको लगत कट्टा गर्ने प्रक्रियाको लागि आवश्यक सहजिकरण गरिनेछ।

६२. स्थानीय आवतजावतलाई सहज बनाउन आगामी २ वर्षभित्र नगर बस सञ्चालनको व्यवस्था मिलाइनेछ। उल्लेखित मुख्य सडक मार्गहरूको स्तरोन्नतिका लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय गरिनेछ।

६३. जलवायू उत्थानशील पुर्वाधारलाई प्रोत्साहन र सुनिश्चितताको प्रयास गरिनेछ र भौतिक पूर्वाधारहरूको दिगोपनाका लागि नियमित मर्मत-सम्भार कोषको व्यवस्था र परिचालन गरिनेछ।

जलस्रोत, विद्युत् तथा ऊर्जा

६४. नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा "उज्यालो दुल्लू" कार्यक्रममार्फत सबै घरधुरीमा विद्युतीकरणको लागि पहल गरिनेछ। बजार र पञ्चकोशी क्षेत्रमा सौर्य सडक बत्ती र सीसीटीभी जडान गरिनेछ।

६५. खानेपानीको पहुँच बढाउन निर्माणाधीन कर्णाली कोटाथला र लोहोरे मालिका लिफ्ट आयोजना सम्पन्न गरिनेछ। **'एक घर, एक धारा'** को नीति कार्यान्वयन गर्दै खानेपानी व्यवस्थापन बोर्डलाई सुदृढ गरिनेछ।

सूचना तथा सञ्चार प्रविधि

६६. सूचना प्रविधिमा आधारित सार्वजनिक सेवा प्रवाह र उद्यमशीलता विकास गरिनेछ। नगरपालिकाका सबै वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा डिजिटल हाजिरी तथा विद्युतीय सेवा विस्तार गरिनेछ।

६७. नगरपालिकाका सम्पूर्ण पूर्वाधार आयोजनाहरूको नियमित अनुगमन र मूल्याङ्कन गरी निर्माण कार्यमा पूर्ण पारदर्शिता कायम गरिनेछ।

(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन

वातावरण संरक्षण र हरित विकास

६८. "**हरित, उत्थानशील र समावेशी विकास** (GRID)" अवधारणालाई आत्मसात् गर्दै वातावरणमैत्री स्थानीय शासनका सूचकहरू कार्यान्वयन गरिनेछ।

६९. कार्बन उत्सर्जन घटाउन वृक्षारोपण, सुधारिएको चुलो, बायो-ग्याँस र विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गरिनेछ। **"एक विद्यार्थी, एक फलफूल बिरुवा"** कार्यलाई अभियानकै रूपमा सञ्चालन गरिनेछ।

७०. विकास निर्माणका साना योजनाहरूमा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र ठूला योजनाहरूमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

७१. **"एक वडा, एक पोखरी/पार्क/बालवाटिका"** निर्माण गरिनेछ। जलस्रोत, मुहान, पोखरी र सिमसार क्षेत्रको संरक्षण र पुनर्भरण (Recharge) का लागि चेक ड्याम र रिचार्ज पोखरी निर्माण गरिनेछ।

७२. फोहोरमैला प्रशोधन केन्द्र र ट्रिटमेन्ट प्लान्ट स्थापना गरी "दुल्लूको सान, पूर्ण सरसफाइ हाम्रो अभियान" लाई सार्थक बनाइनेछ।

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

७३. नगरपालिकाको जोखिम संवेदनशील भू-उपयोग योजना (RISK SENSITIVE LAND USE PLAN) अनुसार जोखिमयुक्त क्षेत्रको अद्यावधिक विवरण राखी सोही बमोजिम विकास कार्य अघि बढाइनेछ।

७४. वडा नं १, ३, ४, ५, ६, १२ र १३ का पहिरोको उच्च जोखिममा रहेका बस्तीहरूलाई जोगाउन बायो-इन्जिनियरिङ र तटबन्धसहितको नियन्त्रण कार्यलाई प्राथमिकता दिइनेछ।

७५. प्रत्येक वडामा तालिम प्राप्त "विपद् प्रतिकार्य स्वयंसेवक ब्युरो" गठन गरी परिचालन गरिनेछ। विपद् व्यवस्थापन कोषलाई सुदृढ गर्दै तत्कालीन र अल्पकालीन उद्धार सामग्रीको व्यवस्था गरिनेछ।

७६. विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत समितिहरूलाई जिम्मेवार बनाइनेछ। विद्यालय स्तरको पाठ्यक्रममा विपद् र जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी सचेतना कार्यक्रम गरिनेछ।

७७. विपदवाट प्रभावित कृषक तथा समुदायको जीविकोपार्जन पुनर्स्थापनाका लागि कृषि तथा पशुपालन पुनरुत्थान कार्यक्रम सञ्चालन गरिनेछ।

७८. आगामी आर्थिक वर्षमा शववाहन खरिद गरी प्रचलित कानून बमोजिम शववहान सेवा सञ्चालनमा ल्याईनेछ ।

७९. जल तथा मौसम विज्ञान विभागसँगको समन्वयमा दुल्लू नगरपालिकामा स्वचालित मौसम मापन केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

वन तथा जैविक विविधता

८०. सामुदायिक **वनहरूको** अभिलेखीकरण गरिनेछ। वन संरक्षण, हरियाली प्रवर्द्धन र एग्रो-फरेस्ट्री (कृषि वन) कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। उत्कृष्ट सामुदायिक वन र सरोकारवालालाई पुरस्कृत गर्ने नीति लिइनेछ।

८१. वन्यजन्तुबाट हुने बाली क्षति न्यूनीकरण गर्न प्राकृतिक छेकबारका रूपमा केतुकी र पाते सिउँडीको नर्सरी स्थापना गरी जोखिमयुक्त क्षेत्रमा रोपण गरिनेछ।

८२. अति विपन्न समुदायको आर्थिक उत्थानका लागि वन पैदावार र वातावरणमैत्री उद्यमशीलतासँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ।

८३. सरकारी कार्यालय परिसर र सार्वजनिक स्थानमा हरियाली प्रवर्द्धन गर्न बोटबिरुवा रोपण र गमला व्यवस्थापन गरी नगरलाई सौन्दर्यीकरण गरिनेछ।

(ङ) सुशासन तथा संस्थागत विकास

वित्तीय सुशासन र राजस्व व्यवस्थापन

८४. स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को पूर्ण कार्यान्वयन गर्दै 'चेक-रहित' विद्युतीय भुक्तानी प्रणालीलाई अनिवार्य गरिनेछ। साथै, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) को प्रभावकारी उपयोग गरिनेछ र महालेखा परीक्षकको प्रतिवेदनले औंल्याएका विषयहरूको पूर्ण सम्बोधन गर्दै वित्तीय अनुशासन कायम गरिनेछ।

८५. राजस्व सङ्कलनलाई पारदर्शी बनाउन QR कोड र अनलाइन राजस्व प्रणाली लागु गरिनेछ।

८६. राजस्व सुधार कार्य योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरोकारवाला निकाय, निजी क्षेत्र तथा समुदायसँग समन्वय र सहकार्य गरी करदाताको दायरा विस्तार, स्वैच्छिक कर सहभागिता अभिवृद्धि तथा प्रक्षेपित राजस्व लक्ष्य हासिल गर्ने उद्देश्यले आगामी आर्थिक वर्षलाई **"करदाता सचेतना अभियान वर्ष"** का रूपमा सञ्चालन गरिनेछ।

८७. भौगोलिक सूचना प्रणाली नक्साङ्कन तथा डिजिटल प्रणालीको विकास गरी करदाताको प्रोफाइल तयार गरिनेछ। साथै, करदाताको अभिलेख व्यवस्थित गरिने, करको दायरा विस्तार गरिने तथा राजस्व सङ्कलनलाई प्रभावकारी बनाइनेछ।

८८. कर चुहावट नियन्त्रण, सम्पत्ति करको वैज्ञानिक घोषणा र उत्कृष्ट करदातालाई पुरस्कृत गर्ने नीति लिइनेछ। नदीजन्य पदार्थको उत्खननमा प्रचलित कानुन बमोजिम राजस्व अभिवृद्धि गरिनेछ।

८९. सुशासनको प्रमुख सूचकको रुपमा रहेको बेरुजू फछ्यौंटको कार्यलाइ "शून्य बेरुजु" नगर बनाउने अभियानको रुपमा तीव्रता दिइनेछ। बेरुजू फछ्यौंटको प्राविधिक पाटोलाइ मध्यनजर राखेर फछ्यौंटको अभियान सञ्चालन गरिनेछ र असल कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ।

९०. सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र औचित्यपूर्ण बनाइनेछ। अनावश्यक रकमान्तर र आर्थिक वर्षको अन्त्यमा हुने खर्चलाई निरुत्साहित गरिनेछ।

९१. दुल्लू नगरपालिकामा रहेको गुठी समस्या समाधानका लागि संघीय सरकारसँग पहल गरिनेछ ।

सेवा प्रवाह र कार्यालय व्यवस्थापन

९२. नगरपालिकाको नीति निर्माण, योजना छनोट र सेवा प्रवाहको प्रक्रियामा महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र सीमान्तकृत समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ। लक्षित वर्गमैत्री सूचना प्रणालीको विकास गरी उनीहरूको पहुँच र हक अधिकारको सुनिश्चितताका लागि **'समावेशी सुशासन'** को अवधारणा कार्यान्वयन गरिनेछ।

९३. **'एकीकृत सेवा प्रवाह'** (One Door System) लाई वडा तहसम्म विस्तार गरिनेछ। रित पुगेका कागजातमा 'One Day In-Out Service' को नीतिलाई निरन्तरता दिइनेछ।

९४. कार्यसम्पादन करार सम्झौता र नतिजामा आधारित कार्यसम्पादन प्रणाली लागु गरिनेछ। गुनासो व्यवस्थापन प्रणालीलाई स्वचालित र प्रविधिमैत्री बनाइनेछ।

९५. **'जनतासँग नगर प्रमुख'** र **'जनतासँग नगर उप-प्रमुख'** कार्यक्रमलाई निरन्तरता दिँदै नागरिकसँगको प्रत्यक्ष संवादलाई जोड दिइनेछ।

९६. एक महिना भित्र वार्षिक खरिद योजना तयार गरिने तथा कार्यालय व्यवस्थापनलाई चुस्त बनाउन **'सार्वजनिक खरिद इकाइ'** मार्फत खरिदका सम्पूर्ण कार्य र बैठक व्यवस्थापनका लागि 'SMS सहितको माइन्युट व्यवस्थापन' प्रणाली लागु गरिनेछ।

९७. सरकारी सवारी साधनको दुरुपयोग नियन्त्रण र प्रयोगविहीन जिन्सी सामानहरूको कानुन बमोजिम लिलाम गरिनेछ।

९८. ईलाका प्रशासन कार्यालय दुल्लूको भवन निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग पहल गरिनेछ ।

डिजिटल सुशासन र सूचना प्रविधि

९९. प्रत्येक वडा कार्यालयमा अप्टिकल फाइबरमार्फत उच्च गतिको इन्टरनेट विस्तार गरिनेछ। Data backup का लागि 'Data Center' स्थापना र 'डिजिटल लाइब्रेरी' निर्माण गरिनेछ। कार्यालय स्वचालन प्रणाली (OAS) र चलानी/दर्ता प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाइनेछ। वडा र नगरपालिकामा डिजिटल नागरिक बडापत्र राखिनेछ।

१००. सूचना प्रविधिमा आधारित उद्यमशीलता र विद्यालयमा 'साइबर सुरक्षा' सम्बन्धी शिक्षा प्रदान गर्न शैक्षिक सहकार्य (Academic Collaboration) गरिनेछ।

१०१. 'सामाजिक-आर्थिक विपन्नता सूचना व्यवस्थापन प्रणाली (SEVIMS)' मार्फत लक्षित वर्गको तथ्याङ्क नियमित अद्यावधिक गरिनेछ।

कानुन, न्याय र सामुदायिक सहभागिता

१०२. हालसम्मका कानुन/कार्यविधिहरूलाई समयसापेक्ष परिमार्जन गरिनेछ। न्यायिक समिति इजलासको व्यवस्थापन, कानुनी सल्लाहकारको नियुक्ति र वडा तहमा 'मेलमिलाप केन्द्र' स्थापना गरिनेछ।

१०३. बस्ती स्तरमा न्याय निरूपण सम्बन्धी जानकारीमूलक छलफल र अन्तरक्रिया सञ्चालन गरिनेछ।

१०४. टोल विकास संस्था, सामुदायिक वन, खानेपानी, सिँचाइ उपभोक्ता समिति तथा विभिन्न विषयगत सञ्जालहरूलाई नगरपालिकामा दर्ता गरी एकीकृत रूपमा परिचालन गरिनेछ।

उपस्थित महानुभावहरू,

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम केवल केही आकांक्षाको सूची मात्र नभई, दुल्लू नगरपालिकालाई समृद्ध, सुरक्षित र प्रविधिमैत्री बनाउने एक स्पष्ट मार्गचित्र हो। यसको सफल कार्यान्वयनबाट हाम्रा नागरिकहरूको जीवनस्तरमा प्रत्यक्ष र सकारात्मक परिवर्तन आउने कुरामा म पूर्ण विश्वस्त छु। यस साझा अभियानमा नगरपालिकाको सहयात्रीका रूपमा रहेका विभिन्न विकास साझेदार

निकायहरू, क्रियाशील गैरसरकारी संस्थाहरू तथा निजी क्षेत्रको अतुलनीय योगदानप्रति हामी उच्च सम्मान व्यक्त गर्दछौं। दिगो र प्रभावकारी विकासका लागि आगामी दिनमा पनि यहाँहरूको निरन्तर सहयोग, साझेदारी र सहकार्य अझ सुदृढ रहने अपेक्षा गर्दछु।

यो नीति तथा कार्यक्रम तयार पार्न अमूल्य सुझाव दिनुहुने राजनीतिक दलका प्रतिनिधिहरू, बुद्धिजीवी, नागरिक समाज, निजी क्षेत्र र सम्पूर्ण नगरबासीहरूमा हार्दिक आभार व्यक्त गर्दछु। साथै, अहोरात्र खटिएर यो दस्तावेज तयार पार्न महत्त्वपूर्ण योगदान पुऱ्याउनुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारी साथीहरूप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु।

विकासको यो साझा यात्रालाई सफल बनाउन सम्पूर्ण नगरबासी, जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला

निकायबाट आगामी दिनमा पनि यस्तै सहयोग, समन्वय र सहकार्य प्राप्त हुने अपेक्षा राख्दै म मेरो मन्तव्य यहीँ अन्त्य गर्दछु।

धन्यवाद।

भरत प्रसाद रिजाल

नगर प्रमुख

दुल्लू नगरपालिका, दैलेख

२०८३ असार ०६ गते